का.जि.प्र.का.द.नं. १००/०५९/६०
❑ वर्ष १८, अंक १३३
❑ २८ असार २०७७, आइतबार
❑ 12 July 2020, Sunday
www.madhyanhadaily.com
पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

**अपडेट: शनिबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | १६७१९ जना | ८४४२ जना | २७९५९९ | ८२३९ | ३८ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड २६ लाख ७४ हजार | ७४ लाख २ हजार | ५ लाख ६४ हजार | ४७ लाख ८ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम




# डबल डिजिटमा संक्रमित

■२४ घण्टामा ७० जनामा संक्रमण ■तीन जनाको मृत्यु, काठमाडौं-२ र सिन्धुपाल्चोकमा एक जनाको मृत्यु

असार १५ गतेबाट तेस्रो अंकमा संक्रमित पुष्टि भइरहेको नेपालमा ४४ दिन पछाडि दोस्रो अंकमा झरेको छ । शनिबार ७० जना संक्रमित थपिए भने ४३१ जना निको भएर घर फर्किए ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ असार ।

गएको माघ ९ गते नेपालमा पहिलो पटक कोभिड महामारीको संक्रमण देखिएको थियो । त्यस यता असार १४ गतेसम्म डबल डिजिटमा संक्रमण पुष्टि भइरहेको थियो । तर, असार १५ गते भने संक्रमित संख्या तेस्रो अंकमा पुष्टि हुन थालेको थियो । त्यस यताको ४४ दिनमा नेपालमा लगातार तेस्रो अंकमा संक्रमित पुष्टि भए । एउटा प्रयोगशालाबाट शुरु भएको परीक्षण २५ प्रयोगशालामा बिस्तार हुँदा लगातार तेस्रो अंकमा संक्रमित पुष्टि हुँदै आएको थियो ।

४४ दिन पछाडि भने शनिबार नेपालमा ७० जनामा मात्रै संक्रमित पुष्टि भएको छ । गएको २४ घण्टामा नेपालमा तीन जनाको मृत्यु भएको छ । यो सँगै मृतक संख्या ३८ पुगेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शनिबार नियमित पत्रकार सम्मेलन गरी काठमाडौंमा दुई जना र सिन्धुपाल्चोकमा एक जनाको मृत्यु भएको जानकारी दिएका छ । काठमाडौं महानगरपालिका-१० शंखमुलका ६० वर्षीय पुरूषको संक्रमणबाट मृत्यु भएको छ । ती संक्रमितको असार २६ गते मृत्यु भएको थियो । असार १६ गते पाटन अस्पतालमा भर्ना भएका उनको भोलिपल्ट नै पीसीआर परीक्षणको रिपोर्ट आएको थियो । कोरोना रिपोर्ट पोजेटिभ आएका उनको असार २६ गते मृत्यु भएको हो । भएका उनको १७ असारको

सिन्धुपाल्चोक पाँचपोखरी-६ का ४५ वर्षीय पुरुषको पनि मृत्यु भएको छ । असार २२ गते पाटन अस्पताल भर्ना भएका ती संक्रमितको असार २५ गते मृत्यु भएको हो । अर्का ५४ वर्षीय पुरुषको पनि संक्रमणबाट मृत्यु भएको छ । काठमाडौं गोकर्णेश्वर-६ का ती पुरुषको काठमाडौं मेडिकल कलेज सिनामंगलमा उपचार भइरहेको थियो । तर, असार २५ बाँकी पृष्ठ २ मा

# बेपत्ताको उद्धारमा कठिनाइ

पहिरोबाट सिन्धुपाल्चोक, म्याग्दी, पर्वत, गुल्मी, बझाङ, लमजुङ, कास्की, रूकुम, जाजरकोट, रोल्पा लगायतमा जनधनको क्षति । सिन्धुपाल्चोकको बाह्रबिसे लगायत देशभरका विभिन्न जिल्लामा बाढी र पहिरोमा परी बेपत्ता भएकाहरूको खोजीमा कठिनाइ भएको छ । बुधबार साँझको पहिरोले बेपत्ता भएका सिन्धुपाल्चोकका २० बेपत्ता अझै फेला पर्न सकेका छैनन् ।


*वर्षाका कारण बाजुराको बूढीगंगा नदीमा पानीको सतह बढेपछि बूढीगंगा र त्रिवेणी नगरपालिका जोड्ने ताप्रीसेरामा रहेको झोलुङ्गे पुलमा जोखिमपूर्ण यात्रा गर्दै स्थानीयवासी । तस्विर : गंगराज पण्डित*



*म्याग्दीको धवलागिरि गाउँपालिका-६ मराङमा गत शुक्रबार गएको पहिरामा परेका घाइतेलाई उपचारका लागि हेलिकप्टरमार्फत पोखरा पठाइँदै । तस्वीर: सन्तोष गौतम*


*बारेकोट गाउँपालिका -५ पाखामा गत बिहीबार गएको पहिरोले जोखिममा घर । जोखिम बढ्न थालेपछि घर छाडेर सर्वसाधारण सुरक्षित क्षेत्रमा गएका छन् । तस्वीरः हेमन्त केसी*


*तीन दिनदेखिको वर्षाका कारण ढल्केवर खानेपानी आयोजनाको कार्यालय डुबानमा परेपछि खानेपानी वितरण कार्य प्रभावित भएको छ । तस्वीर : अजयकुमार साह*

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ असार ।

अविरल वर्षाका कारण गएको बाढी र पहिरोबाट सिन्धुपाल्चोक, म्याग्दी, पर्वत, गुल्मी, बझाङ, लमजुङ, कास्की, रुकुम, जाजरकोट, रोल्पा लगायतमा जनधनको क्षति पुगेको छ । २६ जनाको मृत्यु भएको छ भने ६० जना भन्दा बढी बेपत्ता छन् । तर, अविरल वर्षाका कारण शनिबार साँझसम्म उद्धारमा खटिएकाहरुलाई कठिनाइ देखिएको छ ।

सबैभन्दा बढी क्षति पुगेको सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका-५ जम्बुमा बेपत्ता नागरिकहरुको शनिबार साँझसम्म उद्धार हुन सकेको छैन । बुधबार राति गएको बाढीपहिरोले बेपत्ता भएका २० जनाको खोजी जारी रहे पनि लगातारको वर्षाले सडक अवरुद्धका कारण कठिनाइ उत्पन्न भएको छ ।

शनिबार पनि बेपत्ताको खोजी राजधानीबाट खटिएका २५ जनाको उद्धारटोली सहितका सुरक्षाकर्मीबाट भइरहेको प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले बताए । लगातारको वर्षाले आएको बाढीपहिरोबाट जिल्लामा हालसम्म ५२ घरमा क्षति पुगेको छ ।

जम्बुका विस्थापित ३० परिवारका लागि स्थानीय पालिकासँग समन्वय गरी जिल्ला विपद् व्यवस्थापन समितिबाट ३० थान त्रिपाल, म्याट्रेस, भाँडाकुँडा र लत्ताकपडा पठाइसकेको प्रजिअ ढकालले जानकारी दिए ।

शुक्रबार बिहान आएको बाढीपहिरोबाट भोटेकोशी गाउँपालिकाको लार्चामा बेपत्ता भएका एक व्यक्ति स्थानीय ४० वर्षीय नाङ्चे मगरको जीवितै उद्धार गरिएको रहेको प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफलेले जानकारी दिए । स्थानीय स्वास्थ्यचौकीमा उपचार भइरहेको छ । उक्त घटनामा दुई सामान्य घाइते भएका थिए ।

सिन्धुपाल्चोकमा बेपत्ताको संख्यामा २१ पुगेको प्रहरीले जनाएको छ । लगातारको वर्षाले बुधबार राति आएको सुनकोशी नदीको बाढीले कटान गरेको अरनिको राजमार्गको जुरेमा सडक खुलाउने काम भइरहेको छ ।

सिन्धुपाल्चोक पछि बढी क्षति भएको म्याग्दीको धवलागिरि गाउँपालिका-६ मराङका विभिन्न ठाउँमा गएको पहिरोमा परी वेपत्ता भएका २१ मध्ये नौ जनाको शव भेटिएको छ । वडाध्यक्ष राजाराम सुवेदीका अनुसार कल्लेनीमा एक, ठूलोगाउँमा एक र राम्चेमा सात जनाको शव भेटिएको हो ।

सात जना वेपत्ता भएको रिखमा सुरक्षाकर्मीको टोली जाँदैछ । रघुगङ्गा- बाँकी पृष्ठ २ मा

# नवीकरणका लागि सहजीकरण गरिदिन सरकारलाई संसदीय समितको निर्देशन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ असार

वैदेशिक रोजगार विभागले एक सयभन्दा कम कामदार वैदेशिक रोजगारमा पठाएका म्यानपावर कम्पनीको नवीकरण निवेदन दर्ता शुरु गरेको छ । गतवर्ष सरकारले नै मलेसिया बन्द गरेको र चालु आर्थिक वर्ष कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण वैदेशिक रोजगारीमा एक सय जना कामदार पठाउन नपाएका म्यानपावर कम्पनीहरुको ईजाजतपत्र नवीकरण गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कानून मन्त्रालयको राय लिएर वैदेशिक रोजगार ऐन २०६४ को दफा ८२ अनुसार मन्त्रिपरिषद्बाट बाधा अड्काउ फुकाउ आदेश जारी गर्न प्रस्ताव लगेको अवस्थामा विभागले गत वर्ष र यस वर्ष एक सयभन्दा कम कामदार पठाउने म्यानपावर हरुको नवीकरणको निवेदन दर्ता गरेको हो । नवीकरण भने मन्त्रिपरिषद्को निर्णय वा आदेशपछि मात्र हुने छ ।

शुक्रबार एक दर्जन बढी म्यानपावर कम्पनीले नवीकरणका लागि लाग्ने दश हजार शुल्क बुझाएको रसिदसहित फाईल बुझाएका छन् । निवेदन दर्ता गराउन विभागको सूचनामा अघिल्लो आर्थिक वर्ष २०७५/०७६ को आय विवरण बुझाएको भरपाई वा आयकर दाखिल गरेको प्रमाण, पछिल्लो दुई आर्थिक वर्ष (आ.व. २०७५/०७६ र आ.व. २०७६/०७७) मा प्रत्येक वर्ष कम्तीमा एक सय जना कामदार वैदेशिक रोजगारीमा पठाएको प्रमाणित हुने कागजात पेश गर्नुपर्ने उल्लेख गरेको छ । त्यस्तै नगद धरौटी र बैंक ग्यारेन्टीको प्रतिलिपि समेत पेश गर्नुपर्ने विभागले उल्लेख गरेको छ ।

शुक्रबारदेखि निवेदन दर्ता गराउन शुरु गरेका म्यानपावर कम्पनीहरुले पछिल्लो दुई आर्थिक वर्ष (आ.व. २०७५/०७६ र आ.व. २०७६/०७७) मा प्रत्येक वर्ष कम्तीमा एक सय जना कामदार वैदेशिक रोजगारीमा पठाएको प्रमाणित हुने कागजातबाहेक अन्य कागजात पेश गरेका छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव सुजित कुमार श्रेष्ठले वार्षिक सय जना कामदार पठाउन नपाएका तर ईजाजतपत्र नवीकरण गर्नुपर्ने व्यवसायीहरुले ईजाजतपत्र नवीकरणका लागि विभागमा निवेदन दर्ता गराउन आग्रह गरेका छन् ।

महासचिव श्रेष्ठले व्यवसायीहरुलाई संक्षिप्त सुचना पठाउँदै आदरणीय व्यवसायी ज्यूहरु, वार्षिक एक सय जना कामदार नपठाउने कम्पनीहरुको ईजाजतपत्र नवीकरणको प्रस्ताव हाल मन्त्रिपरिषद्मा बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### एक सातामै १६ सयले लिए पुनः श्रम स्वीकृति

**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले पुनः श्रम स्वीकृति दिन शुरु गरेपछि गत एक हप्ताको अवधिमा १ हजार ६ सय ५४ जनाले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका छन् । सरकारले गत असार १८ गतेदेखि भिसा र करार अवधि हुनेहरुलाई पुनः श्रम स्वीकृति दिन शुरु गरेको हो ।

वैदेशिक रोजगार कार्यालय ताहाचलका अनुसार त्यसपछिको एक हप्ताको अवधिमा १ हजार ६ सय ५४ जनाले पुनः श्रम स्वीकृति लिएका छन् । अधिकांशले पहिले जहाज टिकट कन्फर्म गरेर पछिमात्र श्रम स्वीकृति लिन आउने गरेका कारण निवदेन गरेकै दिन श्रम स्वीकृति दिनु पर्ने बाध्यता रहेको बताइएको छ ।

पुनः श्रम स्वीकृति लिनेमा वैदेशिक रोजगारीका लागि सबैभन्दा धेरै यूएई जाने रहेका छन् । यूएई जाने ७ सय ७७, कतार जाने १ सय ८०, मलेसिया जाने १ सय ४७ र ओमान जाने २४ बाँकी पृष्ठ २ मा

### भारतमा रोजगारीबारे सर्वोच्चको प्रश्न

**काठमाडौं/मस-** सर्वोच्च अदालतले छिमेकी मुलुक भारतमा काम गर्न जाने नेपाली कामदारलाई वैदेशिक रोजगार ऐन २०६४ को परिभाषाभित्र नपार्नुको कारण पेश गर्न सरकारका नाममा कारण देखाउ आदेश जारी गरेको छ । राष्ट्र निर्माण मञ्च नेपालको तर्फबाट अधिवक्ताद्वय दिपकराज जोशी र निर्मलकुमार उप्रेतीले दायर गरेको रिटमा सर्वोच्च अदालतका न्यायाधीश प्रकाश कुमार ढुंगानाको ईजलासले शुक्रबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा उक्त आदेश जारी गरेको हो । अधिवक्ताद्धय जोशी र उप्रेतीले गत असार १८ गते सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

वैदेशिक रोजगार ऐनको दफा २ को (क) मा 'वैदेशिक रोजगार' भन्नाले कामदारले विदेशमा पाउने बाँकी पृष्ठ २ मा

## विज्ञापन रकम भुक्तानीबारे
## अत्यन्त जरुरी सूचना

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका **विज्ञापन एजेन्सी** तथा अन्य **विज्ञापनदाताहरू**ले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७७ असार मसान्त**भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही अगाडी बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
बागबजार, काठमाडौं, फोन नं. : ४२२६३६६, ४२२८२९८
Email: madhyanhadaily59@gmail.com, madhyanhadaily59@yahoo.com

## सरकारी बेवास्ता

# पशुपतिको जग्गामा व्यक्तिको रजाइँ

**काठमाडौं/रासस-** पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा काठमाडौँको गोठाटारमा रहेको ५३४ रोपनी जग्गा वर्षौंदेखि व्यक्ति/संस्थाले अतिक्रमण गर्दासमेत सरकार बेखबर रहेको छ। कोषको जग्गामा विभिन्न व्यक्ति, संस्थाले अतिक्रमण गरी घर टहरा निर्माण गरेका छन्।

विसं २०४६ मा मन्त्रिपरिषद् बैठकको निर्णयबाट कोषलाई दिएको सो जग्गा तारवारसम्म नगर्दा अतिक्रमण हुँदै गएको छ भने वर्षेनी लाखौं रुपैयाँ बराबरको बालुवा अवैध तरिकाले निकासी हुने गरेको छ।



कोषको उक्त जग्गामा एक सरकारी विद्यालय, ३० भन्दा बढी टहरा तथा केही घर अतिक्रमण गरी बनाइएको छ। गुठीका नाममा मन्दिर, धर्मशाला निर्माण गरिएको हो। जग्गाभित्र अहिले विभिन्न घुम्ती पसल, व्यक्तिगत मनोरञ्जनस्थल, सवारीसाधन सिक्ने ठाउँ आदिका नाममा कोषको जग्गा अतिक्रमण भइरहेको छ। उक्त जग्गामा दैनिकरुपमा २५ ट्रकभन्दा बढी बालुवा चोरी हुँदासमेत सम्बन्धित पक्ष बेखबर बनेको छ।

आफ्नो चलअचल सम्पत्तिको संरक्षण गर्नुपर्ने दायित्व संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय मातहतको पशुपति विकास कोषको हो तर, कोषको कार्यलयबाट तीन किलोमिटर दूरीमा रहेको कागेश्वरी मनहरा नगरपालिका-६ मा पर्ने उक्त जग्गाबाट कोषले प्रशस्त आम्दानी लिनसक्ने भए पनि बेवारिसे आवस्थामा छाडिएको छ। कोषको जग्गामा तेजविनायक माध्यमिक विद्यालयले समेत धमाधम भवन निर्माण गरिरहेको छ। व्यक्ति विशेष घर टहरा, दाहालको कूलदेवता मन्दिर, जसले स्थानीयको मनपरि र दादागिरी चलेको पुष्टि गर्छ। तर, कोष भने रमिते मात्र बनेर बसेको पाइएको छ।

राजधानी काठमाडौँको सुगमस्थलमा रहेको कोषको जग्गा आर्थिक उपलब्धि मात्र हैन रमणीय धार्मिक तथा सांस्कृतिक पर्यटनको आकर्षक गन्तव्य पनि बन्ने प्रसस्तै आधार रहेको उक्त स्थानमा कोष तथा सरोकारवाला निकायको बेवास्ताले गर्दा व्यक्ति तथा संस्थाले रजाइ गरिरहेका हुन्।

कोष मातहतका जग्गा चौतर्फी अतिक्रमणमा परिरहँदा कोषले निर्णायक कदम चाल्न सकेको छैन। गत वर्ष कोषले अतिक्रमणमा परेको जग्गा खाली गर्न पत्राचार तथा स्थलगत रुपमा माइकिङ गरेर आग्रह गरे पनि उनीहरुले अटेर गरेको कोषले जनाएको छ। पछिल्लो पटक बन्दाबन्दीको मौका छोपेर नयाँनयाँ टहरा थप्ने र जग्गा अतिक्रमण गर्ने क्रम बढिरहेको देख्न सकिन्छ।

कोषका सदस्यसचिव डा प्रदीप ढकालले अतिक्रमणमा परेको कोषको जग्गाको संरक्षण तथा व्यवस्थापनका लागि कोषले काम शुरु गरे पनि प्रभावकारीरुपमा अगाडि बढाउन नसकिएको बताए। 'दैनिक बालुवा चोरी हुने खबर कोषलाई आइरहेको छ, तर सिमानाको यकिन नापचाँज भई तारबार लगाउन नसक्दा यसलाई नियन्त्रण गर्न सकिएको छैन,' ढकालले भने। सीमाङ्कनका लागि नापी कार्यालयलाई पत्राचार गरिएको भए पनि हाल काम अघि नबढेको बताइन्छ।

कोषका कोषाध्यक्ष डा मिलन थापाले कोषको जग्गाबाट वार्षिकरुपमा रु ४० देखि ५० लाख मूल्यको बालुवा चोरी निकासी भइरहेको स्वीकार गर्दै स्थानीयको अतिक्रमणमा परेको जग्गाको प्रभावकारी व्यवस्थापन हुन नसक्दा कोष निरिह बस्नुपरेको स्वीकार गरे।

कोषका अध्यक्षसमेत रहेका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले गत पुस २६ गते सो क्षेत्रको स्थलगत निरीक्षण गरी जग्गाको संरक्षणको लागि घेरा पर्खाल लगाउने, सो जग्गामा गौशाला निर्माण, अन्तर ि्ष्ट्रय सम्मेलन तथा प्रवचन केन्द्र, पशुपति अध्ययन केन्द्र/प्रतिष्ठान, अस्पतालसहित समावेश गरी पशुपति ग्राम गुरुयोजना बनाउन निर्देशन दिएका थिए।

मन्त्री भट्टराईले जग्गाभित्र पर्ने सानातिना डाँडा, उपटखापटलाई सम्याएर, पर्यटकीयस्थल, पार्क, अन्य भौतिक संरचना निर्माणका साथै जग्गाको माटो बिक्री गरेर कोषको आम्दानी बढाउन सकिनेसमेत बताए। पर्यटन मन्त्रालय मातहतकै नागरिक उडड्यन प्राधिकरणले अहिले त्रिभुवन विमानस्थल विस्तारको दोस्रो चरणको काम अगाडि बढाइरहेको छ। जसका लागि चिनियाँ निर्माण कम्पनीले ठेक्कासमेत पाइसकेको छ। यसअन्तर्गत उत्तरतर्फको खाल्डो जमिनमा माटो भर्नुपर्ने छ। कोषको उक्त जग्गाको माटो/बालुवा विमानस्थलको विस्तारको सो काममा लगाउँदा मात्र कोषलाई एक अर्बभन्दा बढी आम्दानी हुने बताइन्छ। त्यसो त, यो जग्गाप्रति अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि चासो देखाएको छ। आयोगले कोषलाई पत्राचार गरी कोषको बृहत्तर हितमा ध्यानमा राखी सो जग्गा प्रयोगमा ल्याउन भनेको छ।

गुरुयोजनाअन्तर्गत सो जग्गामा पशुपति हिन्दू विश्वविद्यालय, पशुपति स्वास्थ्य केन्द्र, पशुपति वृद्धाश्रम, पशुपति गौशाला निर्माणका साथै पशुपति क्षेत्रका बि-१३ क्षेत्रका बासिन्दाको पुनःस्थापनका लागि योजना बनाइएको छ। कोषले तयार पारेको यो गुरुयोजना मन्त्रालयमा पुगेको छ। मन्त्रिपरिषद्बाट पारित भएपछि मात्र कार्यान्वयनको चरणमा जानेछ।

२३१ रोपनी जग्गा नै गायब

कोषका नाममा रहेको २३१ रोपनी जग्गा नै हराएको पाइएको छ। कोषको देशभर रहेको जग्गामध्ये त्यति जग्गा हराएको हो। कोषका कोषाध्यक्ष थापाले उक्त जग्गा खोला, बाटोमा परेको हुनसक्ने बताउँदै खोजी गर्ने काम भइरहेको बताए। कोषसँग अहिले देशभर १८ हजार ३४२ रोपनी पाँच आना जग्गा छ।

# नदी कटान रोक्न आवश्यक काम भइरहेको छ : प्रचण्ड

**चितवन/मस-** नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नारायणी नदीको कटान रोक्नका लागि आवश्यक काम भइरहेकाले डर मान्नुपर्ने अवस्था नरहेको बताएका छन्। भरतपुर महानगरपालिका वडा नं २७ र २८ को सीमाक्षेत्र न्यूरेचोकमा नारायणीले कटान गरेको क्षेत्रको आज निरीक्षण गर्दै उनले तत्कालका लागि अस्थायी समाधानको काम नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र स्थानीयवासीले गरिरहेको बताए।



यस क्षेत्रबाट प्रतिनिधिसभामा निर्वाचित सांसदसमेत रहेका दाहालले प्रधानमन्त्रीसँगको आजको संवादलाई छाडेर आफू निरीक्षणमा आएको बताए। पार्टीका अर्का अध्यक्ष एवं प्रधानमन्त्रीसँग परामर्श गरेर आफू निरीक्षणमा आएको अध्यक्ष दाहालले जानकारी दिए।

दाहालले आफू निर्वाचित भएदेखि नै राप्ती र नारायणीमा तटबन्धसहितको चक्रपथ अघि वढाएको बताए। विस्तृत परियोजना प्रतिवेदन र वातावरणीय प्रभाव मूल्याङ्कन कार्य भइसकेको र बजेटका लागि अर्थ मन्त्रालयमा कुरा भईरहेको दाहालले जानकारी दिए। उनले सरकार सकारात्मक रहेकाले सो काम सम्पन्न हुने विश्वास दिलाए।

पानी परेपछि शुक्रबारबाट सो क्षेत्रमा नारायणीले कटान गर्न शुरु गरेको हो। दाहाललाई यस क्षेत्रका प्रदेशसभा सदस्य कृष्ण भुर्तेल र भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले नदी कटानका बारेमा जानकारी गराएका थिए। दाहालले आजै माडी नगरपालिकाको बाढी प्रभावित विभिन्न क्षेत्रको पनि निरीक्षण गर्दै छन्।

# 'जनसंख्याको व्यवस्थापन सरकारको प्राथमिकता'

**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकालले जनसंख्याको व्यवस्थापनलाई सरकारले प्राथमिकतामा राखेको बताएका छन्। २५औँ विश्व जनसंख्या दिवसको अवसरमा शनिबार शुभकामना सन्देश दिँदै उनले जनसंख्या वृद्धिमा सन्तुलन, प्रजनन स्वास्थ्यमा सुधार, प्रजनन अधिकारको पृष्ठपोषण, बालविवाहमा कमी, सुरक्षित मातृत्वलगायतका क्षेत्रमा प्रगति गरिसकेको समेत बताए।



मन्त्री ढकालले जनसंख्या विकासको मूल आधार मात्र नभई देशको अस्तित्व स्थापना गर्ने एक मूल मापक रहेको उल्लेख गर्दै जनसंख्या र विकाससँग जोडिएका महत्वपूर्ण बहुआयामिक क्षेत्रहरुको नीति, निर्माण र कार्यक्रम सञ्चालन गर्ने सरकारको प्राथमिकता रहेको बताए।

उनले जनसंख्याका क्षेत्रमा राम्रा काम गरे पनि केही सुधार गर्नुपर्ने औँल्याए। 'सन्तुलित जनसंख्याको वितरण र प्रभावकारी जनसंख्या व्यवस्थापनको मार्गमा जनसंख्याका खासखास सूचकहरुमा सुधार गर्नुपर्ने अवस्था छ,' उनले भने, 'सेवासुविधाकै अभावका कारण नागरिकले जन्मथलो छाडेर अन्यत्र बसाइँसराइ गर्नुपर्ने बाध्यताको अन्त्य गर्नका लागि सबै ठाउँमा आवश्यक पूर्वाधारहरुको निर्माण गरी व्यवस्थित बसोबासलाई मिलाएर अव्यवस्थित शहरीकरण रोक्नेतर्फ सरकारले ध्यान दिइरहेको छ।'

देशको आधा हिस्साभन्दा बढी संख्यामा रहेका महिलाको स्वास्थ्य, शिक्षा, लैङ्गिक समानता, रोजगारीजस्ता विषयहरुमा राज्यले विशेषरूपमा ध्यान दिन सकेमा मुलुकको विकासमा यसले ठूलो योगदान पुऱ्याउन सकिने उनको भनाइ थियो।

विश्वभरि नै मनाउन थालिएको दिवसको नारा 'कोभिड-१९ संक्रमणको पूर्ण अन्त्य गरौं, महिला र किशोरीहरुको स्वास्थ्य र अधिकार सुरक्षित गरौं' रहेको छ। सन् १९८७ मा विश्वको जनसंख्या पाँच अर्ब पुगेको स्मरण गर्दै सन् १९८९ मा नेपालसहित १७९ सदस्य राष्ट्रहरुले यो दिवस मनाउन थालेका हुन्। नेपालको जनसंख्या तीन करोड पुगेको छ। त्यसमध्ये शहरमा २१.४ प्रतिशत रहेको मन्त्रालयका जनसंख्या महाशाखा प्रमुख शैलेजा रेग्मीले जानकारी दिइन्। यसैगरी नेपाल विश्वको जनसंख्याको ४९ औँ स्थानमा रहेको छ। नेपालको औसत आयु ७१.७४ रहेको छ। प्रतिहजारमा २३.४ जना शिशु मृत्युदर रहेको छ।

## बेपत्ताको ....

६ ठाडाखानीमा बाढीले बगाएर वेपत्ता भएका नलिमान छन्त्यालको शुक्रबार नै शव भेटिएको थियो।

मालिका गाउँपालिका-७ बिमको तल्लोगाउँ, नौरु र दुलेमा वेपत्ता आठको खोजीमा शनिबार बिहान आएका सेना, शसस्त्र र प्रहरीको टोलीले काम सुरु गरेको वडाअध्यक्ष रेशम जुग्जालीले बताए। नेपाली सेनाको हेलिकप्टरमार्फत वेपत्ताको खोजी र उद्धारका लागि शनिबार बिहान सुरक्षाकर्मी घटनास्थल पुगेका हुन्। भौगोलिक बिकटता र प्रतिकूल मौसमका कारण शुक्रबार बिहान पहिरो गएको ठाउँमा २४ घण्टापछि मात्रै सुरक्षाकर्मी पुगेका हुन्।

रघुगङ्गा-६ ठाडाखानीमा बाढीले बगाएर वेपत्ता भएका नलिमान छन्त्यालको शुक्रबार नै शव भेटिएको थियो। दुखुखोलाले बगाएर वेपत्ता भएकी मालिका-६ की गीता रोका शव शनिबार साँझसम्म अझै फेला परेकी छैनन्। मराङको राम्चेमा पहिरोमा परी घाइते भएका चार जना घाइतेको हेलिकप्टरले उद्धार गरेर बेनी अस्पतालमा ल्याएको छ। एक जना गर्भवतिसमेत छिन्।

म्याग्दीको मालिका गाउपालिका-५ देवीस्थान र धवलागिरी गाउँपालिका-७ काफलडाँडामा पहिरोका कारण ९३ घरपरिवार विस्थापित भएका छन्। केही दिनदेखिको निरन्तरको वर्षासँगै पहिरो खसेर जोखिम बढेपछि जनप्रतिनिधि, युवा क्लव र आमा समूहको पहलमा सुरक्षित ठाउँमा भएका घर र सामुदायिक भवनमा सारिएको छ।

देवीस्थानको ताम्ला, गर्जरा, दारिम्बोट, घोर्लटे, दि र पारिभित्ताका ५३ घरको सामानसहित स्थानीयवासीलाई रुन्मामा सारिएको सुर्यमुखी युवा क्लवका अध्यक्ष भकबहादुर घर्तीले बताए। जुग्जाका १०, पन्थोकका नौ, घरिथोकका चार र मगरदाङका एक परिवारलाई सुरक्षित स्थानमा सारिएको छ।

रुन्माको नवसिर्जना युवा क्लवको भवन पुरिएको छ। ३० किलोवाट क्षमताको मगरदाङ लघुजलविद्युत परियोजनाको नहर, बाँध र विद्युतगृह पहिरोले बगाएको छ। गौडाखोला लघुजलविद्युत परियोजनाको संरचनामा क्षति पुगेको छ।

देउताभिर जाने पदमार्ग र खारवाङखोलाको झोलुङ्गे पुल बगाएको छ। थप क्षति हुन नदिनका लागि जोखिमयुक्त बस्तिका वासिन्दालाई सुरक्षित ठाउँमा स्थानान्तरण गरिएको देवीस्थानका वडा सदस्य डिलबहादुर पुनले बताए।

धवलागिरी गाउँपालिकाको काफलडाँडास्थित रानीबनबाट पहिरो खस्न थालेपछि छ परिवार विस्थापित भएका छन्। मनप्रसाद मगर र डण्डपानी जैसीको घरमा पहिरोले क्षति पुऱ्याएको देवी देउराली युवा क्लवका सदस्य लोकेश गर्बुजाले बताउनुभयो। मगर, जैसी, हेमनाथ पौडेल, तेजबहादुर विक, खुमबहादुर मगर, रामबहादुर मगर र चित्रबहादुर मगरका परिवारलाई सुरक्षित ठाउँमा सारिएको छ। धेरै ठाउँमा पहिरो गएकाले ३९ घरधुरीको बसोबास भएको काफलडाँडा गाउनै जोखिममा परेको गर्बुजाले बताउनुभयो। पहिरो र स्थानीय खोलामा आएको बाढीले सुन्तला बगैचा, धान खेत, कोदो र मकै बारी पुरिएर क्षति पुगेको छ।

राजनीतिक आग्रह

देशभर प्राकृतिक प्रकोपको त्रास बढेपछि सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले जारी स्थायी कमिटी बैठक नै स्थगित गरेको छ। एक साताका लागि बैठक स्थगित गरेको नेकपाका शीर्ष नेताहरुले उद्धार कार्यलाई तीब्र बनाउन र पीडितलाई राहत दिन माग गरेका छन्। नेकपा लगायत राजनीतिक दलहरुले आफ्ना कार्यकर्तालाई उद्धार कार्यमा खटिन निर्देशन समेत दिएको छ। वरिष्ठ नेता झलनाथ खनालले बाढीमा बेपत्ता भएकाको खोजीलाई तीव्रता दिन, उद्धार र राहतलाई प्रभावकारी बनाउन संघ, प्रदेश र स्थानीय सरकारसँग आग्रह गरे।

कायमै वर्षाको संभावना

जल तथा मौसम विज्ञान विभागले अझै दुई दिन देशभर बदलीसँगै वर्षाको सम्भावना रहेको जनाएको छ। मनसुन न्यूनचापीय रेखा नेपालको तराई भूभाग नजिकै रहेकाले सोमबारसम्म उक्त प्रणालीको असर रहने भएको हो।

आज देशभर सामान्यदेखि पूर्ण बदली रही धेरैजसो स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको बताइएको छ। सोमबार देशैभर सामान्यदेखि पूर्ण बदली रही सबै प्रदेशमा हल्कादेखि मध्यम वर्षाका साथै प्रदेश १, २, वाग्मती र गण्डकी प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

## डबल...

गते उनको मृत्यु भएको मन्त्रालयले जनाएको छ। ती संक्रमित असार २१ अस्पताल भर्ना भएका थिए।

बन्दाबन्दी खुकुलो बनाएपछि संक्रमित बढ्ने आशंका भइरहेका बेला संक्रमित संख्या भने ४४ दिन पछाडि दोस्रो अंकमा मात्रै पुष्टि भएको छ। शनिबार ७० जनाको पीसीआर रिपोर्ट पोजेटिभ आएको छ। यो सँगै नेपालमा संक्रमित संख्या १६ हजार ७९१ पुगेको छ।

मन्त्रालयले शनिबार पत्रकार सम्मेलन २४ घण्टामा ४३१ जना संक्रमित निको भएर घर फर्किएको जानकारी दिएका छन्। अर्थात् संक्रमित मध्ये आधा बिरामी निको भएर घर फर्किएका छन्। घर फर्कनेको संख्या आठ हजार ४४२ पुगेको छ।

देशभरका क्वारेन्टिनमा अझै २४ हजार ९७ जना छन् भने आठ हजार २३९ जना आइसोलेसनमा राखिएका छन्। देशभर बिस्तार भएको २५ प्रयोगशालाबाट दुई लाख ७९ हजार ५९९ जनाको पीसीआर प्रणालीबाट परीक्षण भएको मन्त्रालयले जनाएको छ।

## नवीकरणका...

निर्णयको प्रक्रियामा रहेको हुँदा असार मसान्तभित्र ईजाजतपत्र नवीकरण गर्नुपर्ने कम्पनीहरुले वैदेशिक रोजगार विभागमा नवीकरणको निवेदन दर्ता गराउन भनेका हुन्।

विभागका महानिर्देशक कुमार प्रसाद दाहालले विभाग र संघबीचको छलफलपछि व्यवसायीहरुको नवीकरण निवेदन दर्ता गर्न शुक्रबारबाट शुरु गरिएको मध्यान्ह राष्ट्रिय दैनिकलाई बताए। महानिर्देशक दाहालले निवेदन दर्ता सशर्त रहेको बताए। उनले भने, 'मन्त्रिपरिषद्बाट बाधा अड्काउ फुकाउ आदेश आएमा व्यवसायीहरुको ईजाजतपत्र नवीकरण हुन्छ, यदि आउन सकेन भने महानिर्देशकले निवेदन दरपीठ गरिदिन्छ।

श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवले एक वर्षका लागि सबै म्यानपावर कम्पनीको ईजाजतपत्र नवीकरण गर्ने व्यवस्था गर्न मन्त्रिपरिषद्मा प्रस्ताव लगेको बताएका छन्। मन्त्री यादवले बुधबार साँझ मध्यान्हसँग संक्षिप्त कुरा गर्दै अघिल्लो वर्ष सरकारले नै १६ महिना मलेसियामा कामगार पठाउन बन्द गरेको र यो वर्ष कोरोना संक्रमणका कारण सम्पूर्ण श्रम स्वीकृति बन्द गरिएकाले एक पटकका लागि एक सय कामदार नपठाएका म्सानपावरवाई पनि ग्रेस दिएर नवीकरणको मौका दिन आफुले मन्त्रिपरिषद्मा प्रस्ताव लगेको बताएका थिए।

प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको शुक्रबारको बैठकमा पनि मन्त्री यादवले उक्त कुरा दोहोऱ्याएका थिए। समितिको बैठकमा मन्त्री यादवले कानून मन्त्रालयको रायका आधारमा एक वर्षका लागि सबै म्यानपावर कम्पनीको ईजाजतपत्र नवीकरण गर्ने व्यवस्था गर्न मन्त्रिपरिषद्मा प्रस्ताव लगेको बताएका थिए। मन्त्री यादवसँग छलफलपछि समितिले म्यानपावर कम्पनी नवीकरणमा सहजीकरण गरिदिन सरकारलाई निर्देशन दिएको थियो।

प्रत्येक महिना दश हजार जरिवाना तिरेर व्यवसायीहरुले असोज मसान्तसम्म नवीकरण गराउन पाउने भएपनि जरिवाना नतिरी नियमित रुपमा नवीकरण गर्न आइतबारबाहेक तीन दिन मात्रै बाँकी छ। शुक्रबार बसेको समिति बैठकले समितिका सदस्यहरु अभिषेक प्रताप साह, सरिता गिरी र किसन कुमार श्रेष्ठलाई म्यानपावर नवीकरणबारे सरकारलाई दिने निर्देशनबारे निर्णय गर्ने जिम्मेवारी दिएको थियो। तीन सांसद्को समूहले म्यानपावर कम्पनीको ईजाजतपत्र नवीकरणमा सहजीकरण गरिदिन सरकारलाई निर्देशन दिन सिफारिस गरेको सांसद साहले बताए।

# भीरबाट लडेर एक महिलाको मृत्यु

**गुल्मी/मस-** गुल्मीमा भीरबाट लडेर एक महिलाको ज्यान गएको छ। जिल्लाको छत्रकोट गाउँपालिका वडा नम्बर एक हुगाकी ३३ वर्षीया गिता नेपालीको ज्यान गएको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी नायव उपरीक्षक केदार प्रसाद पन्तले जानकारी दिए।

शुक्रबार साँझ घाँस काट्न जङ्गलमा गएकी नेपाली अबेरसम्म नफर्किए पछि खोजी गर्दा शनिबार मृत अवस्थामा भेटिएको गुल्मी प्रहरीले जनाएको छ। उनी भीरबाट करिब १५० मिटर तल खसेको बताइएको छ।

## एक...

जनाले पुनः श्रम स्वीकृति लिएका छन्। उक्त कार्यालयले अमेरिका, जापान, माल्टा लगायतका २८ देशमा रोजगारीमा जानका लागि पुनः श्रम स्वीकृति जारी गरिएको बताएको छ।

## भारतमा...

रोजगार सम्झनु पर्छ भनी परिभाषा गरे पनि निवेदकहरुले रोजगारीका लागि भारत जाने नेपाली कामदारलाई वैदेशिक रोजगारीको परिभाषामा नसमेटिएको दाबी गर्दै सर्वोच्च अदालतमा रिट दर्ता गरेका हुन्। रिटमा भारतमा रोजगारी गर्न जाने नेपाली कामदारहरुलाई वैदेशिक रोजगारीको परिभाषाभित्र नसमेटिएको मात्र नभई उनीहरुको सुरक्षामासमेत सरकार जिम्मेवार नबनेको दाबी गरिएको छ।

भारतबाहेक अन्य देशमा रोजगारीका लागि जाने कामदारहरु कल्याणकारी कोषमा रकम जम्मा गरी श्रम स्वीकृति लिएर जाने गरेका छन्। त्यस्ता कामदार वैदेशिक रोजगारीका क्रममा मृत्यु भएमा आश्रित परिवार र अंगभंग वा असाध्य रोग लागेमा आफैंले क्षतिपूर्ति तथा उपचार खर्च पाउने गरेका छन्। तर श्रम स्वीकृति विना नै भारतमा जाने कामदार त्यो सुविधा पाउनबाट बञ्चित रहेका छन्। निवेदकहरुले यस्तो व्यवस्थाले भारत र अन्य देशमा जाने नेपाली कामदारलाई असमान व्यवहार गरेको दाबी गरेका छन्।

# 'को-हजबेन्ड' रसियाको अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा छनोट




**काठमाडौं/मस-** नेपालको लोपोन्मुख बहुपति प्रथाका बारेमा निर्मित वृत्तचित्र फिल्म 'सहायक श्रीमान' (को-हजबेन्ड) रसियाको अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा छनोट भएको छ। आगामी अगष्ट २७ देखि २९ सम्म रसियामा हुन लागेको अन्तर्राष्ट्रिय कान्स भिडियो फेस्टिबलमा नेपालबाट 'सहायक श्रीमान' (को-हजबेन्ड) छनोट भएको हो।

गणेश पाण्डेद्वारा निर्देशित 'सहायक श्रीमान' (को-हजबेन्ड) यसअघि नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ)मा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा उत्कृष्ट वृत्तचित्र अवार्डसहित १ हजार अमेरिकी डलर जितेको थियो। नेपालबाहिरको चलचित्र महोत्सवमा 'सहायक श्रीमान' छनोट भएको यो पहिलो हो। निर्देशक पाण्डेका अनुसार, कोरोनाका कारण बिभिन्न देशका चलचित्र महोत्सव स्थगित भएका कारण 'सहायक श्रीमान' को अन्तर ि्ष्ट्रय यात्रा पनि रोकिएको थियो।

बहुपति प्रथामा आधारित ३५ मिनेटको यो डकुमेन्ट्री फिल्म कर्णाली प्रदेशको हुम्लामा छायाँकन गरिएको हो। घरमा जति दाजुभाई छन्, एउटै श्रीमती बिहे गर्ने संसारकै अनौठो चलन अहिले पनि नेपालका कतिपय हिमाली जिल्लामा विद्यमान छ। सोही विषयलाई निर्देशक पाण्डेले पहिलोपटक पर्दामा उतारेका हुन्। हुम्लाको लामा समुदायमा अहिले पनि दाजुभाईका लागि एउटै श्रीमती बिहे गर्ने चलन छ। उनीहरु माया र काम मात्रै बाँडदैनन्, श्रीमती पनि एक आपसमा बाँड्छन्। जुन अहिलेको पुस्ताका लागि अत्यन्तै अनौठो हो। एउटै श्रीमतीसँग रमाइरहेका र विद्रोह गरेका तीन वटा परिवारको कथालाई डकुमेन्ट्रीले उठाएको छ।

'भाग्यले बाँचेकाहरु' नामक डकुमेन्ट्री फिल्मबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा चर्चा कमाएका निर्देशक पाण्डेले करिब ४ बर्षको छायांकन र रिसर्चबाट सहायक श्रीमान निर्माण गरेका हुन्। यो वृत्तचित्रको लेखन पनि निर्देशन पाण्डेले नै गरेका हुन्।

साइन मिडिया प्रालिका लागि शारदा गैरेले निर्माण गरेको डकुमेन्ट्रीको प्रमुख सहायक निर्देशक एवं दृश्य सम्पादक ईश्वर कोइराला र सहायक निर्देशक नृपराज हमाल छन्। यसैगरी, ईश्वर कोइराला, चन्द्रमान डंगोल, अविनाश लामा र राधेश्याम तिमिल्सिनाले यो डकुमेन्ट्रीलाई क्यामरामा कैद गरेका हुन्। संगीत संयोजन संगीतकार जुगल डंगोलले गरेका छन्।

# राखेप सदस्यसचिवका लागि दरखास्त आह्वान




**काठमाडौं, रासस–** राष्ट्रिय खेलकूद परिषद् (राखेप)को सदस्यसचिवका लागि दरखास्त आह्वान गरिएको छ । युवा तथा खेलकूद मन्त्रालयले सो आह्वान गरेको हो । मन्त्रालयका सचिव रामप्रसाद थपलियाको संयोजकत्वमा गठित सिफारिस समितिको शुक्रबार बसेको बैठकले सदस्यसचिवका लागि कार्यविधि तय गरी दरखास्त आह्वान गरेको हो ।

मन्त्रालयले सूचना जारी गर्दै सदस्यसचिव बन्नका लागि सात दिनभित्र कार्ययोजनासहित दरखास्त पेश गर्न आग्रह गरेको छ । सदस्यसचिवका लागि नेपाली नागरिकताको प्रतिलिपि, नेपाल सरकारबाट मान्यताप्राप्त विश्वविश्वालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण प्रमाणपत्रको प्रतिलिपि र खेलकूद क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरेको प्रतिलिपि पेश गर्न मन्त्रालयले सूचना जारी गरेको छ ।

तोकिएको समयभित्र प्राप्त भएका कार्ययोजनालाई सिफारिस समितिले अध्ययन गरी थप स्पष्ट हुन चाहेमा बैठकमा बोलाएर छलफल गर्नेछ । कार्ययोजना अध्ययनपछि समितिले कार्ययोजनाको आधारमा कम्तीमा एक महिलासहित तीन जनाको नाम बैठकबाट निर्णय गरी मन्त्रालयमा पठाउने छ । नयाँ खेलकूद विकास ऐन, २०७७ यही असार ११ गते राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणिकरण गरेपछि नयाँ सदस्यसचिव नियुक्तिका लागि प्रक्रिया अघि बढाइएको हो ।

नयाँ सदस्यसचिव छान्न युवा तथा खेलकूद मन्त्रालयले तीन सदस्यीय सिफारिस समिति गठन गरेको छ । समितिको संयोजकमा मन्त्रालयका सचिव थपिलया तथा सदस्यमा रिम रानाभाट र इन्दिरा निरौला रहेका छन् । मन्त्रालयका प्रवक्ता डा मानबहादुर विकेका अनुसार उक्त समितिले सदस्यसचिवका लागि एक महिलासहित तीन जनाको नाम मन्त्रालयमा सिफारिस गर्नेछ । सिफारिस गरिएका नाममध्ये एक जनालाई मन्त्रिपरिषद्ले सदस्यसचिवमा नियुक्त गर्ने प्रावधान छ ।

नयाँ खेलकद ऐन लागू भएपछि राखेपका तत्कालीन सदस्यसचिव रमेशकुमार सिलवाललगायत पदाधिकारी पदमुक्त भएका थिए । मन्त्रालयले मन्त्रालयकै खेलकूद विभाग महाशाखाका प्रमुखसमेत रहनुभएका भक्तराज ढकाललाई कार्यबाहक सदस्यसचिवको जिम्मेवारी सुम्पेको छ ।

राखेपमा खुला आह्वानबाट सदस्यसचिव नियुक्त हुनलागेको यो पहिलोपटक हो । यसअघि युवा तथा खेलकूदमन्त्रीले नै सदस्यसचिव नियुक्त गर्ने चलन थियो ।

# सीपीएललाई अनुमति, सन्दीपले खेल्ने



**काठमाडौं, एजेन्सी–** नेपाली खेलाडी सन्दिप लामिछानेले खेल्ने क्यारेवियन प्रिमियर लिग (सिपिएल)लाई ट्रिनिडाड एण्ड टोबागोले अनुमति दिएको छ । यसअघि ट्रिनिडाड एण्ड टोबागोको सरकारले अनुमिति नदिँदा सिपिएल हुने नहुनेबारे अन्योल थियो । अब उक्त प्रतियोगिताका लागि अनुमति पाइपछि सिपिएल हुने पक्का भएको हो ।

अगामी अगस्त १८ देखि सेप्टेम्बर १० तारिखसम्म सञ्चालन हुने सिपिएल दर्शक बिना रंगशालामा खेलाइनेछ । सिपिएलको पहिलो र दोस्रो संस्करण विभिन्न खेल मैदानमा खेलाइँदै आएकामा यसपाली तेस्रो संस्करण भने ट्रिनिडाड एण्ड टोबागोको दुई मैदानमा खेलाउन त्यहाँको सरकारले अनुमति दिएको छ ।

सिपिएलमा भाग लिने खेलाडीको प्रतियोगिता अघि कोरोना संक्रमित भए नभएको परिक्षण गरिने आयोजकले जनाएको छ । खेलाडी र प्रशिक्षकमा कोरोना संक्रमण देखिएमा पूरै टोलीलाई १४ दिनको सेल्फ आइसोलेसनमा राखिने बताइएको छ । आयोजक सिपिएल र त्यहाँको सरकारबीच प्रतियोगिता सञ्चालनको मापदण्डबारे सहमति भएको छ ।

उक्त प्रतियोगिताका लागि १९ वर्षीय सन्दीप एक लाख ३० हजार अमेरिकी डलमार अनुबन्धित भएका छन् ।

उनलाई जमैका तलावाजले अनुबन्ध गरेको हो । जमैका तलावाजले उनलाई दोस्रो चरणमा छनोट गरेको थियो । उक्त प्रतियोगिताका लागि २३ देशका ५३७ खेलाडीले नाम दर्ता गराएका थिए ।

सन्दीपले सीपीएलका लागि आफ्नो अनुबन्धित मूल्य ९० हजार अमेरिकी डलर तोकेका थिए । सन्दीप सीपीएलका लागि तेस्रो पटक अनुबन्धित भएका हुन् । यसअघि उनी सीपीएलको पहिलो संस्करण सन् २०१८ मा सेन्ट किट्स एन्ड नाभिस प्याट्रियट्सका लागि पाँच हजार तथा दोस्रो संस्करण सन् २०१९ मा बार्बाडोस ट्राइडेन्सका लागि ७० हजार अमेरिकी डलरमा अनुबन्धित भएका थिए ।

# अमेरिकाद्वारा फ्रान्सेली उत्पादनमा कर वृद्धि गर्ने घोषणा

**वासिङ्टन, सिन्ह्वा–** संयुक्त राज्य अमेरिकाले फ्रान्सबाट अमेरिका आयात हुने सामानमा एक अर्ब ३० करोड अमेरिकी डलर बराबरको कर वृद्धि गर्ने घोषणा गरेको छ ।

फ्रान्सले डिजिटल सेवामा कर बढाउने निर्णयले अमेरिकी प्राबिधिक कम्पनीमा प्रमुख असर पर्ने भन्दै अमेरिकी व्यापार प्रतिनिधिको कार्यालयले स्थानीय समय अनुसार शुक्रबार उक्त घोषणा गरेको हो ।

"अमेरिकी व्यापार प्रतिनिधि निकायले फ्रान्सको डिजिटल सेवा करमार्फत अमेरिकी कम्पनीबाट उठाउने थप कर बराबरको रकम फ्रान्सबाट अमेरिका आयात हुने उत्पादनबाट पूर्ति गर्नेगरी कर वृद्धि गर्ने निर्णय गरिएको छ," अमेरिकी व्यापार प्रतिनिधिको कार्यालयद्वारा सूचनामा उल्लेख छ ।


"वासिङ्टनले फ्रान्सबाट आयात हुने सामानमा थप २५ प्रतिशत करबाट उसले डिजिटल सेवामा कर उठाउँदा अमेरिकी कम्पनीलाई पर्ने व्ययभारलाई व्यवस्थापन गर्नेछ तर आगामी १८० दिन अर्थात् सन् २०२१ को जनवरी ६ सम्म अन्य सहमतिका लागि उक्त निर्णयलाई कार्यान्वयन नलग्ने बताएको छ ।" यो अवधिमा द्विपक्षीय तथा बहुपक्षीय छलफलमार्फत् यस विषयमा सन्तोषजनक दृष्टिकोण निस्कने अमेरिकी बुझाई रहेको छ ।

फ्रान्सको डिजिटल सेवा कर प्रशासनबारे अमेरिकाले धारा ३०१ को छानविनलाई पूरा गरेको बताइएको छ । तर फ्रान्स र अमेरिकाले अन्तरर्राष्ट्रिय करबारे 'अर्गनाइजेसन फर इकोनोमिक कोअपरेसन एण्ड डेभलपमेन्ट (ओइसीडी)' मा बहुपक्षीय सम्झौता जारी रहेकोले शुल्कबारे केही ढिलाई गर्ने सहमति भएको पनि अमेरिकाले बताएको छ ।

यूरोपेली चार अर्थमन्त्रीहरूलाई अमेरिकी अर्थमन्त्री स्टेभेन मनुचिनले गत जुनमा लेखेको पत्रमा अमेरिका डिजिटल कर निर्धारणका लागि हुने छलफलमा सहभागी नहुने बताउनुभएको थियो । यसैका कारण ओइसीडीको छलफल निष्कर्षमा पुग्न नसकेको यूरोपेली अधिकारीहरूले बताएका छन् ।

# श्रेष्ठको अध्यक्षतामा कराते डो जिल्ला संघ गठन




"स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद"
राष्ट्रिय खेलकुद परिषद
जिल्ला खेलकुद विकास समिति
फोन/फ्याक्स ०४९-४२१०२१

विषय :- जिल्ला संघ गठन गरिएको बारे ।

उपरोक्त सम्बन्धमा त्यस संघको पत्रानुसार मिति २०७७/३/२४ गतेका दिन यस जिल्लाका खेलप्रेमी महानुभाव, युवा खेलाडी लगायत सरोकारवालाहरुको भेलाको निर्णय अनुसार श्री भरत कुमार श्रेष्ठ को अध्यक्षतामा तपसिलका व्यक्तिहरु रहने गरी दोलखा जिल्ला क्वानमुकान कराते डो जिल्ला संघ गठन भएको व्यहोरा अनुरोध छ ।

तपसिल
१) अध्यक्ष :- श्री भरत कुमार श्रेष्ठ
२) उपाध्यक्ष :- श्री रीता रिमाल
३) सचिव :- श्री चन्द्र कुमार तामाङ
४) कोषाध्यक्ष :- श्री कमला कार्की
५) सदस्य :- श्री रबिन पाखिन
६) ,, :- श्री बिकल खड्का
७) ,, :- श्री नवराज श्रेष्ठ

बोधार्थ
श्री संघ संस्था समन्वय शाखा
राष्ट्रिय खेलकुद परिषद, काठमाण्डौ

**राजन बस्नेत/मध्यान्ह**
दोलखा २७ असार

नेपाल क्वानमुकाम कराते डो संघको अध्यक्षमा भरत कुमार श्रेष्ठ चयन भएका छन् । दोलखा को सदरमुकाम चरिकोटमा भएको एक कार्यक्रममा श्रेष्ठको अध्यक्षतामा ७ सदस्यीय जिल्ला संघ गठन भएको हो । कराते डो जिल्ला संघको उपाध्यक्षमा रिता रिमाल, सच्चिबमा चन्द्रकुमार तामाङ, कोषाध्यक्षमा कमला कार्की, सदस्यहरुमा रबिन पाख्रन, बिकल खड्का, नवराज श्रेष्ठ रहेका छन् । ओझेलमा परेका खेलको प्रबर्द्धन गराइ खेल क्षेत्रको बिकास गराउने उद्देश्यले संघको गठन गरेको अध्यक्ष श्रेष्ठले जानकारी दिए ।


## माइग्रेसन हरायो

मिति २०७७/०३/२५ गते नावलाखेलबाट भैसेपाटीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको HSEB माइग्रेसन सर्टिफिकेट हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनु हुन अनुरोध गर्दछु ।

**नाम : उत्सव ढकाल**
**ठेगाना : सैबु-१८, भैसेपाटी, ललितपुर**
**रजिष्टेशन नं. : ७०२५७८१३६**
**फोन : ९८०२०७२५०२**



# Nepal Oil Corporation Limited

Bagmati Provincial Office, Thankot, Kathmandu, Nepal

Tel: +977-1-4311203, Email: noc.thankot@nepaloil.org.np

## Invitation for Electronic Bids

**For the Maintenance of MS Vertical Tank (760kL Capacity)**

Contract Identification Number: NOC/BP/NCB/W/2076/77-16

Date of Notice Publication: 12 July 2020

1. **Nepal Oil Corporation Limited (NOC), Bagmati Provincial Office (BPO)** has allocated funds for the works and intends to apply part of the funds to cover eligible payments under the Contract. Bidding is open to all eligible National Bidders.
2. The **NOC/BPO** invites **Electronic Bids** from Nepalese eligible bidders for the for the Procurement of Works **"Maintenance of MS Vertical Tank (760kL Capacity) at Fuel Depot Thankot, Kathmandu, Nepal"** under **National Competitive Bidding (NBC)** procedures as specified in prevailing Public Procurement Act and Public Procurement Regulations of Nepal. The estimated amount for the Works is **NRs. 10,830,732.96** exclusive of VAT.
3. Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - The Bidder or its representative (Technical Team Leader/HR) must have previous experience in last five year in Construction of Floating Roof of Minimum 650 kL Capacity in Hydrocarbon as per API and OISD.
4. Interested Bidders may obtain further information and inspect the Bidding Document in English at the office of **NOC/BPO, Thankot, Kathmandu Nepal** or may visit e-GP system of PPMO: ***www.bolpatra.gov.np/egp.***
5. Pre-bid meeting shall be held at NOC/BPO, Thankot, Kathmandu Nepal at **11:30 A.M. on 27 July 2020.**
6. Complete set of Bidding Documents for the above mentioned tasks in English are available online and may be downloaded for e-submission from the e-GP system of PPMO: ***www.bolpatra.gov.np/egp.*** Bidders, submitting their bid electronically, should deposit the cost of bidding document (non-refundable fee) of **NRs. 3,000.00** to the **NOC/BPO's Current Account Number: 00300105000092, Everest Bank Limited, Satungal Branch, Kathmandu** and scanned copy in PDF format of the voucher/receipt of the deposited amount must be submitted/uploaded along with the Electronic Bid.
7. Interested Eligible and Qualified Bidders are required to submit the Electronic Bids through e-GP system of PPMO ***www.bolpatra.gov.np/egp*** on or before **12:00 Noon on 11 August 2020.**
8. Submitted Electronic Bids will be opened in the presence of Bidders' representatives who choose to attend at **12:30 P.M.** on **11 August 2020** at the office of **NOC/BPO, Thankot, Kathmandu Nepal.**
9. Bids must be valid for a period of 90 days counting from the date of bid opening and must be accompanied by scanned copy of the bid security in PDF format, amounting to a minimum **NRs. 300,000.00 (In Words: Three Hundred Thousand Rupees Only)**, which shall be valid for minimum 30 days beyond the bid validity period (i.e., Valid up to minimum **8 December 2020).**
10. If Bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in **NOC/BPO's Current Account Number: 00300105000092, Everest Bank Limited, Satungal Branch, Kathmandu** and scanned copy in PDF format of the voucher/receipt of the deposited amount must be submitted/uploaded along with the Electronic Bid.
11. Other details are provided in the uploaded Bidding Document.



## फयाब सिटि ट्राभल्स एण्ड टुर्स प्रा.लि.को खारेज गर्ने सम्बन्धमा लिक्वीडेटको सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७०/०४/११ मा दर्ता भएको फयाब सिटि ट्राभल्स एण्ड टुर्स प्रा.लि.(दर्ता नं. ११४४७६) का शेयरधनीहरुको मिति २०७६/०३/२७ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार यस कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार कम्पनी खारेज (लिक्वीडेशन) मा लैजाने विशेष प्रस्ताव पारित भएकोले कम्पनी ऐन, २०६३ अर्न्तगत रहि कम्पनीको खारेजी (लिक्वीडेशन) प्रकृया शुरु गरिएको छ । तसर्थ कम्पनीले तिर्न व्यहोर्न पर्ने ऋण, धन, अन्य दायित्व एवं कोहि कसैसँग कुनै लेनदेन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ । कम्पनी ऐन २०६३ मा व्यवस्था भए बमोजिम दायित्व भुक्तान गरि बाँकी रहेको जायजेथा कम्पनीका शेयरधनीहरुलाई बाँडिने हुनाले तोकिएको म्यादभित्र दावी नगरिएमा पछि कसैको कुनै प्रकारको दावी नलाग्ने व्यहोरा समेत सवैको जानकारीको लागि सूचित गरिन्छ ।

**लिक्वीडेटरः अर्जुन कोइराला, ठेगाना : बुढानिलकण्ठ–४, काठमाडौं**
**फोन नं.** ९८५१००३८९२



## सुर्ती, चुरोट, गुट्खा, पान ।
## यसले लिन्छ हाम्रो ज्यान ।

**सार्वजनिक स्थानमा सुर्तीजन्य पदार्थको प्रयोग गर्नु कानूनी रुपमा दण्डनीय कार्य हो ।**

सामुदायिक वातावरणीय वकिास नेपाल
बालाजु-१६, काठमाडौं

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**स्वास्थ्य कर कोषको सचिवालय**
रामसाहपथ, काठमाडौं



## दरौदीडाँडा सामुदायिक बन उपभोक्ता समूह

पा.न.पा.-९ मिरकोट, गोरखा

**सच्याईएको बारे**

प्रकाशित मिति २०७७/०३/२८

मिति २०७७/२/१४ गते यस पत्रिकामा प्रकाशित दरौदीडाँडा सामुदायिक बन उपभोक्ता समुहको बन पैदावर लिलाम बिक्रि सम्बन्धि सूचनामा अनुरोधकर्तामा "दरौदीडाँडा" हुनुपर्नेमा अन्यथा भएकोले सूचना सच्याईएको ब्यहोरा अनुरोध छ ।



## कम्पनी स्वेच्छिक खारेजी गर्ने बारेको सूचना

जय पशुपति स्टोर प्रा.लि. को मिति २०७६/०९/०४ मा सम्पन्न विशेष साधारणसभाले विशेष प्रस्ताव पारित गरी कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम कम्पनीलाई स्वेच्छिक रुपमा खारेजीमा लैजाने निर्णय गरी मलाई सोही ऐनको दफा १२७ बमोजिम लिक्वीडेटरमा नियुक्त गरेकोले यस कम्पनीसँग कुनै लेनदेन भए सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र निम्नानुसारको ठेगानामा सम्पकए राख्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त मितिपछि प्राप्त दावी विरोध उपर कुनै कारबाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**लिक्वीडेटर : रामप्रसाद गौतम**
**ठेगाना : अनामनगर, काठमाडौं**
**फोन नं.** ०१–४१०२७२०, ९८४१२५८११५



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७७/०३/२८

यस कम्पनीको मिति २०७१/१०/०४ मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **हिमालय एक्सपीडिसन्स ईकं प्रा.लि. (प्रा.लि.नं. १९२८३०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७२/०४/१४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **हिमालय एक्सपीडिसन्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।



## सिस्ने सेक्युरिटी सर्भिस प्रा.लि.को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारे सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०४/०७ मा दर्ता भएको प्रा.लि. नं. १२४५९७/०७१/०७२ को सिस्ने सेक्युरिटी सर्भिस प्रा.लि.लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०७७/०३/२१ को विशेष साधारणसभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाकी बक्यौता, लेनदेन आदी भएमा स-प्रमाण सहित हकदाबी गर्न यो यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटरः विरेन्द्र शिवाकोटी, इजाजतपत्र नं. ३६८**



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७०/१२/२० मा दर्ता भएको **प्रा.लि. नं. १२१२६३** को **सत्कार भेहीकल सर्भिस प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६७/०१/३१ मा दर्ता भएको **प्रा.लि. नं. ७२११८** को **लक्ष्य सर्भेयरस एण्ड ईन्जिनियरिङ्गस् प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

# ५ अर्ब ८४ करोड बराबरको साधारण सेयरमा आवेदन खुल्दै

**काठमाडौं, रासस-** कोरोनाका कारण मुलुकको समग्र आर्थिक क्षेत्र नै प्रभावित भइरहेका बेला प्राथमिक शेयर निष्कासन गरेका दुई कम्पनीका शेयरमा लगानीकर्ताको उल्लेख्य आकर्षण देखिएपछि थप १९ कम्पनीले साधारण शेयर बिक्री गर्ने भएका छन् । नेपाल धितोपत्र बोर्डका अनुसार कूल रु पाँच अर्ब ८४ करोड ९१ लाख ४१ हजार २२० बराबरको साधारण शेयर बिक्री गर्ने तयारी गरिएको छ । सोअनुसार पाँच करोड ८४ लाख नौ हजार ८७१ कित्ता शेयर बिक्री गर्न लागिएको हो । त्यसमा १० जलविद्युत् कम्पनीले साधारण शेयर बिक्रीका लागि बोर्डसमक्ष अनुमति मागेका छन् । यस्तै चार बीमा कम्पनी, अन्य समूहका तीन कम्पनी, मर्चेन्ट बैंक र लघुवित्तका एक/एक कम्पनी रहेका छन् । बोर्डका अनुसार जनरल इन्सयोरेन्स कम्पनी नेपालले रु ३० करोड बराबरको तीस लाख कित्ता शेयर बिक्रीको माग गर्दै यही असार ५ गते बोर्डमा आवेदन दिएको छ । सो कम्पनीको शेयर बिक्री प्रबन्धकमा एनआइबिएल एस क्यापिटल लिमिटेड रहेको छ ।




सानिमा जनरल इन्स्योरेन्सले पनि रु ३० करोड बराबरको तीस लाख कित्ता साधारण शेयर बिक्रीको माग गर्दै यही असार १४ गते आवेदन दिएको छ । सो कम्पनीको शेयर बिक्री प्रबन्धकमा एनआइसी एशिया क्यापिटल रहेको छ । त्यस्तै आइएमई लाइफ इन्स्योरेन्स कम्पनीले रु ६० करोड बराबरको ६० लाख कित्ता शेयर बिक्रीको माग गर्दै यही असार २२ गते बोर्डमा आवेदन दिएको छ । सो कम्पनीको बिक्री प्रबन्धकमा सिभिल क्यापिटल मार्केट लिमिटेड रहेको छ ।

यस्तै रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनीले रु ६३ करोड बराबरको ६३ लाख कित्ता साधारण शेयर बिक्रीको माग गर्दै बोर्डमा आवेदन दिएका छ । सो कम्पनीको शेयर सानिमा क्यापिटलले बिक्री गर्नेछ ।

बोर्डका अनुसार हिमालयन हाइड्रोपावर लिमिटेडले रु २२ करोड ५० लाख बराबरको २२ लाख ५० हजार कित्ता र विन्दाबासिनी हाइड्रोपावर कम्पनीले पनि रु २५ करोड बराबरको २५ लाख कित्ता शेयर बिक्रीका लागि आवेदन दिएका छन् । त्यस्तै रुरु जलविद्युत् परियोजनाले रु आठ करोड ९६ लाख ९५ हजार २२० बराबरको आठ लाख १५ हजार ४११ कित्ता साधारण शेयर बिक्रीका लागि आवेदन माग गरेको छ ।

शुभम् पावर लिमिटेडले रु पाँच करोड ८० लाख ५८ हजार बराबरको पाँच लाख ८० हजार ५८० साधारण शेयर बिक्रीको अनुमति मागेको छ । सिइडिबी हाइड्रोपावर कम्पनीले रु २५ करोड १८ लाख २३ हजार बराबरको २५ लाख १८ हजार २३० कित्ता, तेह्रथुम पावर कम्पनीले रु १२ करोड बराबरको १२ लाख कित्ता, मध्यभोटेकोशी जलविद्युत् कम्पनीले रु एक खर्ब ५० करोड बराबरको एक करोड ५० लाख कित्ता साधारण शेयर बिक्रीको अनुमति माग्दै बोर्ड पुगेको छ ।

त्यसैगरी मैलुङ खोला जलविद्युत् कम्पनीले रु सात करोड ३६ लाख २८ हजार ६०० बराबरको सात लाख ३६ हजार २८३ कित्ता, माउन्टेन इनर्जी नेपालले रु ३९ करोड ३६ लाख पाँच हजार ४०० बराबरको ३९ लाख ३६ हजार ५४ कित्ता, ग्रिनलाइफ हाइड्रोपावर लिमिटेडले रु ३४ करोड ९६ लाख ४० हजार बराबरको ३४ लाख ९६ हजार ४०० कित्ता र सिङ्गटी हाइड्रो इनर्जी लिमिटेडले रु ४३ करोड ५० लाख बराबरको ४३ लाख ५० हजार कित्ता साधारण शेयर बिक्रीका लागि अनुमति मागेको छ ।

यस्तै सिबिआइएल क्यापिटल लिमिटेडले रु तीन करोड बराबरको तीन लाख कित्ता र समाज लघुवित्त वित्तीय संस्थाले रु ८६ लाख बराबरको ८६ हजार कित्ता साधारण शेयर बिक्रीको तयारी गर्दै बोर्डबाट अनुमति मागेको छ । अन्यतर्फका दुई कम्पनीमा चन्द्रागिरि हिल्स लिमिटेड र इमर्जिङ नेपाल लिमिटेड छन् ।

चन्द्रागिरि हिल्सले रु १८ करोड ४० लाख ९१ हजार बराबरको १८ लाख ४० हजार ९१० कित्ता र इमर्जिङ नेपालले रु पाँच करोड बराबरको पाँच लाख कित्ता साधारण शेयर बिक्रीका लागि अनुमति मागेको छ ।

बोर्डले चालू आवमा कुल नौ कम्पनीका रु तीन अर्ब ९९ करोड ४८ लाख चार हजार बराबरको तीन करोड ९९ लाख ४८ हजार ४० कित्ता साधारण शेयर बिक्रीका लागि अनुमति दिएको थियो । त्यसमा शिवश्री हाइड्रोपावर लिमिटेड, एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलेपमेन्ट लिमिटेड, नेपाल पुनर्बीमा कम्पनी, लिवर्टी इनर्जी, युनाइटेड इदिमर्दी एण्ड आरबी हाइड्रोपावर लिमिटेड रहेका छन् । यस्तै केही दिनअघि मात्रै एनआइसी एशिया लुघवित्त वित्तीय संस्थाले साधारण शेयर बिक्री गरी नेपाल स्टक एक्सचेन्जमा समेत सूचीकृत भई कारोबार शुरु गरेको छ । सो कम्पनीले रु ४७ करोड ५५ लाख बराबरको ४७ लाख ५५ हजार कित्ता शेयर सर्वसाधारणलाई बाँडफाँड गरेको थियो । यस्तै साधना लघुवित्त वित्तीय संस्था लिमिटेडले रु सात करोड सात लाख ८० हजार बराबरको सात लाख सात हजार ८०० कित्ता साधारण शेयर बिक्री गरेको छ । सो कम्पनीको साधारण शेयर बाँडफाँड हुन बाँकी छ । यस्तै अजोड इन्स्योरेन्स लिमिटेडको साधारण शेयर हाल बिक्री भइरहेको छ । सो कम्पनीको रु ३० करोड बराबरको ३० लाख कित्ता शेयर बिक्री भइरहेको छ । उक्त कम्पनीको शेयर बिक्री प्रबन्धकमा एनआइबिएल एस क्यापिटल रहेको छ । बोर्डले माउन्टेन इनर्जी नेपाललाई आयोजना प्रभावित र सर्वसाधारणलाई साधारण शेयर बिक्रीका लागि अनुमति दिएको छ । बोर्डले आयोजना प्रभावित र सर्वसाधारणका लागि समान १९ लाख ६८ हजार २७ कित्ता शेयर बिक्रीको अनुमति दिएको छ ।

## कर्णाली यातायात कार्यालयद्वारा
# २६ दिनमा १ करोड ३७ लाख राजश्व संकलन

**बीपी शर्मा/मध्यान्ह**
सुर्खेत, २७ असार

कर्णाली यातायात व्यवस्था कार्यालयले महामारीमा पनि १ महिनामा १ करोड ३७ लाख राजश्व सकलन गरेको छ । विश्व प्रकोप महामारीको रापको बेला उक्त कार्यालयका कर्मचारी कोरोनाको जोखिमतर्फ सावधानी अपनाउँदै राजश्व संकलनमा खटिरहेका छन् ।




सरकारले राजश्व सकलन गर्न निर्देशन दिएपछि असार १ गतेदेखि यातायात कार्यालयले राजश्व सकलन गर्न शुरु गरेको थियो । उक्त कार्यालयले अषाढ १ गतेदेखि २६ गतेसम्ममा १ करोड ३७ लाख ७२ हजार २ सय चालीस रुपैयाँ सकलन गरेको कार्यालयका निमित्त प्रमुख आनन्द चपाइले जानकारी दिए ।

चैतमा तिर्नु पर्ने कर लकडाउनले तिर्न नपाएका र अषाढ मसान्त नजिकिँदै गरेकोले बिहान १० बजेदेखि नै सयौं सेवाग्राहीको भीडको जोखिमलाई सामाजिक दुरी कायम गरेर सेवा दिइएको प्रमुख चपाइले मध्यान्हलाई बताए ।

कार्यालयले सवरीकर, आयकर, नवीकरण दर्ता करलगायत यातायात सम्बन्धि अन्य राजश्व संकलन गरेको छ । दरबन्दी भएता पनि कर्मचारीको अभाव हुँदा हुँदै पनि सेवा प्रवाह नरोकिएको प्रमुख चपाइले बताए ।

# नेपाल रेडक्रस र कोका–कोला नेपालको पहिलो चरणको सुरक्षा सामग्री वितरण जारी

**काठमाडौं/मस-** नेपाल रेडक्रस सोसाइटी (नेरेसों) र कोका-कोला नेपालको कोभिड-१९ को उपचारमा संलग्न अग्रपंक्तिका स्वास्थ्यकर्मी र स्वयंसेवकहरुका लागि सुरक्षा सामग्री वितरण कार्यक्रम जारी रहेको छ । यस प्रोजेक्टको लक्ष्य देशभरका सातवटै प्रदेशका प्रमुख सार्वजनिक अस्पतालका स्वास्थ्यकर्मीहरु तथा अग्रपतिंका स्वयंसेवकका लागि सुरक्षा सामग्री र निस्संकामक वस्तुहरु उपलब्ध गराउने रहेको छ । यो साता नेपाल रेडक्रस र कोका–कोला नेपालका प्रतिनिधिहरुको उपस्थीतिमा पहिलो चरणको वितरण कार्यक्रम अन्तर्गत नेपाल चिकित्सक संघ बागबजार, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पोखरा, भरतपुर अस्पताल चितवन र कोशी अञ्चल अस्पताल मोरङलाई सुरक्षा सामग्री हस्तान्तरण गरिएको छ । यस वितरण कार्यक्रम असार १६ गते बाट शुरु गरिएको थियो । र, हालसम्म ९५० थान एन ९५ मास्क, २६५ थान सुरक्षा बुट, स्यानिटाइजर १८०० बोटल, निर्मलीकरण केमिकल सोडियम हाइपोक्लोराइड ३०० र १३१०२ थान साबुन वितरण भइसकेका छन् । नेपाल चिकित्सक संघका अध्यक्ष डाक्टर लोचन कार्कीले भने, "कोभिड विरुद्धको लडाईमा सुरक्षा सामग्रीको उपलब्धता अत्यन्तै महत्वपूर्ण काम हो । चिकित्सक र नर्सहरुको लागि यो एउटा प्रेरणा पनि हो ।" कोशी अञ्चल अस्पतालका मेडिकल सुपरिटेन्ड डा. चुमनलाल दासले सामग्री हस्तान्तरण लिदैं भने "यो महामारीमा सेवाको लागि चाहिने सामग्री प्रदान गरेकोमा रेडक्रस र कोका–कोला नेपालप्रति आभारी छौं । यस संकटमा अझ तीव्र सेवा विस्तार गर्न भेन्टिलेटर सहितको थप सुरक्षा सामग्री छिटै उपलब्ध गराइने कुराले हामी थप उत्साहित भएका छौं ।" कोका–कोला नेपालका कन्ट्री डाइरेक्टर अम्बुज सिंहले भने, स्वास्थ्य संस्थाहरुले कोभिड–१९ विरुद्धको लडाईमा अग्रपंक्तिमा रहेर गरिरहेका सबै काम र शाहसी प्रयास गहन कृतज्ञताका हकदार छन् । हामी यहाँ स्वास्थ्यकर्मीहरुको सहयोगका लागि छौं जबकी उनीहरु हामी सबैको हेरचाह गरिरहेका छन् । नेपाल रेडक्रस सोसाइटीका साथ हामी आशा गर्दछौं कि हाम्रो सहयोगले अग्रपंक्तिका स्वास्थ्यकर्मीहरुलाई सुरक्षित राख्न मद्दत गर्नेछ र उनीहरुले यी चुनौतिपूर्ण समयमा आफ्नो मुल्यवान कामलाई जारी राख्न सक्नेछन् । प्रदेश ५ को भेरी अञ्चल अस्पताल, कर्णाली प्रदेशको सुर्खेत स्थित मध्यपश्चिम अस्पताल र सुदुरपश्चिमाञ्चल स्थित कैलालीको सेती अस्पतालमा अर्को हप्ता वितरण गरिने योजना बनाइएका जानकारी गराउँदै नेरेसोका निर्देशक दिव्यराज पौडेलले नेरेसो कोका–कोलाको साझेदारीबाट उपलब्ध सामग्री प्राप्त गर्ने अस्पताल तथा संस्थाहरुले हार्दिकताका साथ स्वीकार गरेको पाइएको बताएका छन् ।

# पानी परेपछि फोहर व्यवस्थापनको समस्या

**काठमाडौं/मस-** पानी पर्न थालेपछि काठमाडौं महानगरपालिकलाई फोहर व्यवस्थापन गर्न समस्या भएको छ । अन्य समयमा भन्दा वर्षात्को समयमा फोहर बढी उत्पादन हुने र समय-समयमा बाटो बिग्रने हुँदा समस्या भएको कामपाको भनाइ छ ।

समस्या फोहर लानका लागि मात्रै होइन, व्यवस्थापनको पनि उत्तिकै छ । हाल फोहर व्यवस्थापन गरिरहेको स्थान सिसडोल भरिसकेकाले त्यस स्थानभन्दा केही तल भ्याली टुमा अहिले काठमाडौं उपत्यकाको १८ स्थानीय तहको फोहर विसर्जन हुँदै आएको छ ।

कामपाको वातावरण विभागका प्रमुख हरिकुमार श्रेष्ठका अनुसार यसअघिका वर्षमा पनि वर्षात्को समयमा समस्या हुने गरेको थियो । अहिले झन् सिसडोल भरिएकाले फोहर राख्ने स्थानको पनि अभाव भएको छ । विगत १३ वर्षदेखि काठमाडौं उपत्यकाको १८ स्थानीय तहको फोहर उक्त स्थानमा विसर्जन गरिर्दै आएको छ । जुन स्थान दुई वर्षको लागि लिएको थियो ।

सिसडोलभन्दा दुई किलोमिटर पर एक हजार ७०० रोपनी जग्गा अधिग्रहण गरिसकेको भए पनि निर्माणको काम अघि बढ्न सकेको छैन । उक्त स्थान निर्माणका लागि करिब रु तीन अर्ब रकम र कम्तीमा दुई वर्षको समय लाग्ने अनुमान गरिएको छ । यही असारदेखि फोहर उठाउने कार्य शुरु गर्ने भने पनि कोरोना सङ्क्रमणका कारण भएको बन्दाबन्दीले गर्दा निर्माणको धेरै काम अझै बाँकी छ । विभिन्न कारणले काम अघि नबढेपछि प्रत्येक वर्ष वर्षात्को समयमा फोहर विसर्जन कार्य समस्याको विषय बन्दै आएको छ ।

उपत्यकाबाट दैनिक एक हजार २०० मेट्रिक टन फोहर सिसडोलमा व्यवस्थापन हुँदै आएको छ । जसमा सबैभन्दा बढी कामपाबाट ५०० मेट्रिक टन फोहर लगिने गरिएको छ । हरेक दिन उपत्यकाबाट निजी र कामपाको गरी २०० गाडीमा फोहर लगिने गरिएको छ । वर्षाको समय आएपछि बाटो पहिराले पुर्ने र खाल्डो पर्ने हुँदा लामो समयसम्म पनि फोहर उपत्यकामा नै रहने समस्या कुनै नौलो भने होइन । उपत्यकाको १८ स्थानीय तहबाहेक नुवाकोट जिल्लाको ककनी गाउँपालिका र धादिङ जिल्लाको धुनिबेँसी नगर क्षेत्रको फोहर पनि ल्याण्डफिल साइटमा आउने गरेको छ ।

# मुकेश अम्बानी विश्वकै सातौं धनीको सूचीमा



**काठमाडौं/मस-**भारतीय मुलका व्यापारी मुकेश अम्बानी विश्वकै सातौं धनी बनेका छन् । शुक्रबार फोर्ब्स पत्रिकाले प्रकाशित एक रिपोर्टका अनुसार उनी विश्वकै सातौं धनी व्यक्तिको सूचीमा परेका हुन् । उनको नेट वर्थ २ अर्ब डलरबाट बढेर ७०.१० अर्ब डलर पुगेको छ । फोर्ब्स पत्रिका अनुसार अम्बानीले ह्याथका वारेन बफेट, गूगलका ल्यारी पेज र सर्जी ब्रिनलाई पछाडि पारेका छन् । विश्वका १० धनी व्यक्तिको सूचीमा रहेका अम्बानी एशियाका एक मात्र व्यक्ति हुन् । २० दिन पहिला अम्बानी ९ औं स्थानमा थिए । शेयर बजारको बादशाह कम्पनी हाथवेका संस्थापक, वारेन बफेटलाई विश्वको सबैभन्दा ठूलो र सफल लगानीकर्ता मानिन्छ । फोर्ब्सका अनुसार मुकेश अंबानीको सम्पत्ति ७० अर्ब डलर नाघेको छ । फोर्ब्स इण्डियाले मुकेश अम्बानीलाई सातौं धनीको सूचिमा राखेको छ । विश्वका अर्बपतिका पहिलो नम्बरमा अमेजनका संस्थापक जेफ बेजोस छन । त्यस्तै दोस्रो नम्बरमा माइक्रोसफ्टको बिल गेट्स दोस्रो स्थानमा छन । बर्नार्ड अर्नोल्ट परिवार तीन नम्बरमा छन । यसबाहेक, फेसबुक संस्थापक मार्क जुकरबर्ग चौथो स्थानमा, स्टीभ बाल्मर पाँचौंमा र ल्यारी एलिसन छैठौं र भारतका मुकेश अम्बानी सातौ नम्बरमा छन् । विश्वको शीर्ष १० अर्बपति धनीमा एशियाबाट एक मात्र मुकेश अम्बानी पर्न सफल भएका छन । विश्वभरी कोरोनाको महामारीको संकट झेलिरहेका बेलामा पनि अम्बानीले अर्बौं डलर लगानी भारतमा ल्याउन सफल भएका थिए । रिलायन्स जिओको सम्पत्ति बढेका कारण उनको सम्पक्ति बढेको छ । रिलायन्स जियोले विश्वव्यापी १ लाख करोडभन्दा बढी लगानी गरेको छ ।

# गोयन्का सिमेन्टको लाइसेन्स खारेज

**काठमाडौं/मस-**नेपाल गोयन्का सिमेन्ट प्रालि रुपन्देही र कमला रोलिङ्ग मिल्स स्टिल प्रालिको इजाजतपत्र स्थगन भएको छ । नेपाल गुणस्तर तथा नापतौल विभागले विभिन्न उद्योगमा गरेको बजार अनुगमनका क्रममा नेपाल गुणस्तरअनुरुप उत्पादन नगर्ने यी दुई उद्योगलाइ कारबाही गरेको हो । विभागका महानिर्देशक विश्वबाबु पुडासैनीले विभिन्न उद्योगको गुणस्तर विभागको प्रयोगशालामा परीक्षण गराउँदा उक्त दुई उद्योगले नेपाल गुणस्तरअनुरुप उत्पादन नगरेकाले कारबाही गरिएको जानकारी दिए । गोयन्का पीएससी सिमेन्टको सात दिनको कम्प्रियसिभ स्ट्रेन्थको मान २२ एमपीए हुनुपर्नेमा १८ एमपीए भएकाले कारबाही गरेको हो । यस्तै कमला स्टिल्सको सङ्कलित नमूनाको सल्फर र फस्फोरसको मान ०.११९ प्रतिशत हुनुपर्नेमा ०.१०५ प्रतिशत भएकाले कारबाही गरिएको विभागले जनाएको छ । विभागले दुवै उद्योगलाई नेपाल गुणस्तर (प्रमाण-चिह्न) ऐन, २०३७ तथा नियमावली, २०४० को नियम ९१६० अनुसार इजाजतपत्र स्थगन गरेको हो ।

विज्ञापन रकम भुक्तानीबारे
अत्यन्त जरुरी सूचना

यस **मध्यान्ह मिडिया प्रा.लि.**मार्फत विभिन्न पत्र पत्रिकामा विज्ञापन प्रकाशन गरी कारोबार गर्दै आउनुभएका **विज्ञापनदाताहरू**ले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७७ असार मसान्त**भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह मिडिया प्रा.लि.** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही समेत अगाडी बढाइने व्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
मध्यान्ह मिडिया प्रा.लि.
बागबजार, काठमाडौं
फोन नं. : ४२२६३६६, ४२२८२९८

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**